नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, माघ २९ गते, २०७४ साल (संख्या ५६

भाग ५

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालयको सूचना

अनलाइन सञ्चारमाध्यम सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७४

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "अनलाइन सञ्चार माध्यम सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को दफा ६ मा संशोधन** : अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ को

दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :–

"(१) दफा ५ बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अवधिभित्र विभागमा नवीकरण गराउनु पर्नेछ ।"

आज्ञाले,
केदारबहादुर अधिकारी
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३